# नेपालगञ्ज उप-महानगरपालिकाको आ.ब. २०८२।०८३ को प्रथम त्रैमासिक(कार्तिक महिना समेत) समिक्षा तथा क्षमता विकास कार्यक्रमको प्रतिवेदन


<u>प्रतिवेदक:</u>

नाम थरः तेजेन्द्र रोकाया

पद : प्रशासकीय अधिकृत,

योजना तथा बजेट शाखा प्रमुख

कर्मचारी संकेत नं.: २३८६९६


मिति : २०८२।८।२३

**नेपालगञ्ज उप-महानगरपालिका**

# नगरकार्यपालिकाको कार्यालय

**नेपालगञ्ज, बाँके ।**

***योजना तथा बजेट शाखा***

नेपालगञ्ज उप-महानगरपालिकाको आ.ब. २०८२।०८३ को त्रैमासिक (कार्तिक महिना समेत) समिक्षा तथा क्षमता विकास कार्यक्रमको प्रतिवेदन

स्थान : सिद्धार्थ कटेज, नेपालगञ्ज, बाँके ।

मिति: २०८२।०८।२३, विहान ८ बजे

**मूख्य उद्धेश्यहरु :—**

- आ.ब. २०८२।०८३ को प्रथम त्रैमासिक (कार्तिक महिना समेत) मा भएका मुख्य त्रियाकलापहरुको प्रगति समिक्षा गर्न,
- आ.ब. २०८२।०८३ को प्रथम त्रैमासिकमा मा भएका कार्यहरुको जानकारी दिन,
- नेपालगञ्ज उप-महानगरपालिकाको आ.ब. २०८२।०८३ को प्रथम त्रैमासिकमा प्राप्त बजेट र खर्चको जानकारी दिन,
- नेपालगञ्ज उप-महानगरपालिकाको आ.ब. २०८२।०८३ को प्रथम त्रैमासिकमा भएको राजस्व संकलनको स्थिति र आवस्यक सुधारका उपायहरु एकिन गर्न,
- विभिन्न महाशाखा र शाखाबाट भएका कार्यहरुको अवगत गराउनु,
- नेपालगञ्ज उप-महानगरपालिकामा रहेका विद्यमान समस्याहरु र समाधानका उपायहरुबारे छलफल गर्न,
- जनप्रतिनिधि र कर्मचारीका लागि सभा संचालन विधि अवगत गराउन, शासकीय शासन कार्यसम्पादन मुल्याङ्कन (व्यवस्थापन तथा संचालन कार्यविधि, २०८२) को बारेमा जानकारी दिन,

➢ कुटनैतिक शिष्टाचार, ड्रेस कोर्डसम्बन्धि औपचारिक जिवनमा जान्नै पर्ने सुत्र र सीपको बारेमा जानकारी दिन,

**तालिम/कार्यक्रम सञ्चालनको प्रक्रिया**

मिति २०८२।०८।२३ गतेको दिन बिहान ८ बजे नेपालगञ्ज उप-महानगरपालिकाका श्रद्धय नगर प्रमुख श्री प्रशान्त विष्ट ज्युको अध्यक्षतामा कार्यक्रमको उत्घाटन भयो । उद्घाटन सत्रमा अतिथिका रुपमा प्रमुख प्रशासकीय अधिकृत श्री रामहरि शर्मा, पूर्व प्रमुख सूचना आयुक्त एवं नेपाल सरकारका पूर्व सचिव कृष्णहरि वास्कोटा, विभिन्न वडाका वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु रहनु भएको थियो भने महाशाखा/शाखा प्रमुखज्यूहरु, नेपालगञ्ज उप-महानगरपालिकाका कर्मचारी र पत्रकार ज्यूहरुको सहभागीतामा कार्यक्रमको उद्घाटन भई शुरुवात भयो ।सो कार्यक्रमको सहजिकरण एवं उत्घोषण प्रशासन शाखाका शाखा प्रमुख ईन्द्र बहादुर के.सीले गर्नुभएको थियो ।

उद्घाटनको कार्यक्रम सकिएपछि प्रमुख प्रशासकीय अधिकृत श्री रामहरी शर्माले स्वागत मन्तब्य दिई कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भयो।



तस्विर- प्रमुख प्रशासकीय अधिकृत श्री रामहरी शर्मा ज्यू स्वागत मन्तब्य राख्नुहुदै

आ.ब. २०८२।०८३ को प्रथम त्रैमासिक समिक्षा कार्यक्रममा नेपालगञ्ज उप-महानगरपालिकाको प्रगति विवरण योजना तथा बजेट शाखाका प्रमुख तेजेन्द्र रोकायाले प्रस्तुत गर्नु भएको थियो ।



तस्विर - योजना तथा बजेट शाखा प्रमुख तेजेन्द्र रोकाया प्रगति विवरण प्रस्तुत गर्नुहुदै

साथै स्वास्थ्य महाशाखाको तर्फबाट जाग्श्वर बस्नेतले सम्बन्धित शाखाको तर्फबाट आफ्नो प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

सो कार्यक्रमका मुख्य प्रशिक्षक पूर्व प्रमुख सूचना आयुक्त एवं नेपाल सरकारका पूर्व सचिव कृष्णहरि बास्कोटाले कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास गर्न चार वटा सेसन लिई जनप्रतिनिधि र कर्मचारीका लागि सभा संचालन विधि, शासकीय शासन कार्यसम्पादन मुल्याङ्कन (व्यवस्थापन तथा संचालन कार्यविधि, २०८२) को बारेमा जानकारी दिनुभएको थियो । साथै कुटनैतिक शिष्टाचार, ड्रेस कोर्डसम्बन्धि औपचारिक जिवनमा जान्नै पर्ने सुत्र र सीपको बारेमा पनि जानकारी प्राप्त भयो ।



तस्विर- नेपाल सरकारका पूर्व सचिव कृष्णहरि वास्कोटा कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकास कार्यक्रममा प्रस्तुति गर्नुहुदै ।

प्रस्तुतिकरण पश्चात वडा नं १, ९ र का वडा अध्यक्षज्यू, कार्यापालिका सदस्य श्री बसन्त कुमार कनौजिया ज्यूहरुले विभिन्न जिज्ञासा राख्नुभएको थियो । कार्याक्रममा उठेका विभिन्न जिज्ञासाका सम्बन्धमा सम्बन्धित शाखा प्रमुखज्यूहरुले जवाफ दिनुभएको थियो ।

## छलफल तथा सिकाई

**वार्षिक समिक्षा कार्यक्रमबाट देहाय बमोजमका विषयमा जानकारी, छलफल एवं सिकाइ भयो ।**

- नीति, बजेट र कार्यक्रमबिचको तादम्यता कायम गर्नपर्ने र योजनाहरुको प्राथमिकिकरण गरी विनियोजन गर्नुपर्ने ।
- O&M को समय सापक्ष पुनरावोलक गर्नुपर्ने ।
- छाडा चौपाया व्यवस्थापनको लागि राप्ती सोनारी गाँउपालिकासँग भएको सहकार्यलाई अघि बढाउनुपर्ने ।

- आन्तरिक आयको वृद्धिको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठित सुझाव समितिको प्रतिवेदन बमोजिम कार्य गर्नुपर्ने ।
- नगरभित्रको वातावरणिय सुधारको लागि आवश्यक अध्ययन अनुसन्धान, वडा कार्यालयहरुको आफ्नै भवनको व्यवस्था र प्रयाप्त जनशक्ती व्यवस्थापन गर्नुपर्ने ।
- नगरको सौन्दयकरणको लागि थप प्रयास र प्राथमिकता दिनुपर्ने जस्तै हरित अभियान, वृक्षारोपण र स्ट्रीट लाइट व्यवस्थापन
- अटो रिक्सा र सवारी पार्किङ व्यवस्थापन उचिर तवरले गर्नुपर्ने ।
- लगायत अन्य विषयहरुको बारेमा वृहत छलफल भयो ।
- जनप्रतिनिधि र कर्मचारीका लागि सभा संचालन विधि अवगत गराउन, शासकीय शासन कार्यसम्पादन मुल्याङ्कन (व्यवस्थापन तथा संचालन कार्यविधि, २०८२) को बारेमा जानकारी प्राप्त भयो ।
- कुटनैतिक शिष्टाचार, ड्रेस कोर्डसम्बन्धि औपचारिक जिवनमा जान्नै पर्ने सुत्र र सीपको बारेमा अवगत भयो ।



तस्विर- नगर प्रमुख कार्यक्रम समापन गर्नुहुदै ।

अन्त्यमा,

नेपालगञ्ज उप-महानगरपालिकाको आ.ब. २०८२।०८३ को प्रथम त्रैमासिक समिक्षा तथा क्षमता विकास कार्यक्रमका अध्यक्ष एवं श्रद्धय नगर प्रमुख श्री प्रशान्त विष्ट ज्यूले आफ्नो भनाई सहित कार्यक्रमको समापन गर्नु भयो ।

तेजेन्द्र रोकाया
शाखा प्रमुख
योजना तथा बजेट शाखा
नेपालगञ्ज उप-महानगरपालिका